दर्ता नं. १२२६/०६६/०६७
इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/२१/०६७/०६८

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
# Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्य क्षेत्र भएको)

मिति:- २०७९/१२/२७

पत्र सँख्या: ०१
चलानी नं :- ४३६./२०७९/०८०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिहंदरबार प्लाजा, काठमाण्डौं ।

विषय:- १२औं वार्षिक साधारण सभा सम्पन्न भएको जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको १२औं वार्षिक साधारण सभा मिति २०७९/१२/२६ गते आइतवार (तदनुसार ९, अप्रिल, २०२३) का दिन बुटवल उप-महानगरपालिका वडा नम्बर ०९, रुपन्देहीमा अवस्थित होटल न्यू ईरामा बिहानको ११ बजे देखि सुरु भई ३.०० बजे सम्म पूर्व निर्धारीत प्रस्तावहरु उपर छलफल तथा निर्णयहरु गरी सफलता पूर्वक सम्पन्न भएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

भवदीय,

..................
सूर्य प्रसाद उपाध्याय
नि.प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

बोधार्थ :-
१. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड सिंहदरवारप्लाजा, काठमाण्डौ ।
३. श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं ।

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

**केन्द्रीय कार्यालय, बुटवल उप-महानगरपालिका-१२, कालिकानगर, रुपन्देही ।**

## १२औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. को मिति २०७९/११/२० गते शनिवार बसेको २०१औं सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावली बमोजिम संस्थाको १२औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री बाबुराम विश्वकर्मा ज्यू को अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

### १. सभाको मिति, स्थान र समय :-

सभाको मिति :- २०७९/१२/२६ गते आइतवार (तदनुसार ९ अप्रिल, २०२३)
सभाको स्थान :- होटल न्यू ईरा, बुटवल उप-महानगरपालिका वडा नम्वर ०९, कालिकापथ, बुटवल, रुपन्देही ।
सभाको समय :- विहान ११:०० बजे देखि प्रारम्भ भई दिउसो ३:०० बजे समापन ।

### २. सभाको सूचना प्रकाशन :-

कम्पनी ऐन २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम १८ बमोजिम संस्थाको मिति २०७९/११/२० गते शनिवार बसेको २०१ औं सञ्चालक समितिको बैठकमा निर्णय भए अनुसार १२औं वार्षिक साधारण सभा मिति २०७९/१२/२६ गते आइतवार गर्ने गरि राष्ट्रिय स्तरको पत्रिकामा मिति २०७९/११/२५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र दोस्रो पटक मिति २०७९/१२/०६ गतेको दैनिक पत्रमा सूचना प्रकाशित गरिएको थियो ।

### ३. सञ्चालकहरुको उपस्थीतिहरु विवरण:

#### ३.१ कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थीत सञ्चालकहरु :-

| क.सं. | नाम, थर | पद | प्रतिनिधित्व | धारण गरेको जम्मा शेयर सँख्या | उपस्थित/ अनुपस्थित |
|---|---|---|---|---|---|
| १. | श्री बाबुराम बिश्वकर्मा | अध्यक्ष | संस्थापक शेयरधनी | ४४,३७१.८० | उपस्थित |
| २. | श्री रेवन्त बहादुर बिश्वकर्मा | सञ्चालक | संस्थापक शेयरधनी | ४४,३७१.८० | उपस्थित |
| ३. | श्री मान बहादुर बिश्वकर्मा | सञ्चालक | संस्थापक शेयरधनी | ५१,७६७.१० | उपस्थित |
| ४. | श्री नरेन्द्र कंडेल | सञ्चालक | सर्वसाधारण शेयरधनी | १,०३६.०० | उपस्थित |

| क.सं. | नाम, थर | पद | प्रतिनिधित्व | धारण गरेको जम्मा शेयर सँख्या | उपस्थित/अनुपस्थित |
|---|---|---|---|---|---|
| ५. | श्री गोकर्ण बहादुर कार्की क्षेत्री | सञ्चालक | सर्वसाधारण शेयरधनी | ८८७.०० | उपस्थित |

## ३.२ अन्य पदाधिकारीको उपस्थीती :

नि.प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव - श्री सूर्य प्रसाद उपाध्याय
कर्मचारीहरु - केन्द्रीय कार्यलयमा कार्यरत व्यवस्थापकीय तथा अन्य कर्मचारीहरु

## ३.३ शेयरधनीहरुको उपस्थीती :

| क.स. | उपस्थितको विवरण | जना |
|---|---|---|
| १ | सभाहलमा सहभागी जम्मा उपस्थिती | १८ जना |
| २ | प्रतिनिधि (प्रोक्सी) मार्फत | २३ जना |

## ४. गणपुरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम)

दर्ता किताव बन्द रहने समय सम्म कायम शेयरधनीको विवरण:-

| शेयरधनी समुह | विद्यमान शेयरधनी संख्या | विद्यमान शेयर कित्ता सख्या | प्रतिशत |
|---|---|---|---|
| संस्थापक | २२ | ८,१३,४८२.८८ | ५५.००% |
| सर्बसाधरण | ९,५०६ | ६,६५,५७७.१२ | ४५.००% |
| **जम्मा** | **९,५२८** | **१४,७९,०६०.००** | **१००%** |

सभामा उपस्थित शेयरधनीको विवरण:-

| शेयरधनी समुह | उपस्थिति विवरण | उपस्थिती शेयरधनी संख्या | उपस्थित शेयर धनीले धारण गरेको शेयर कित्ता |
|---|---|---|---|
| संस्थापक | स्वयं उपस्थित | १२ | ५,२८,५८१ |
| | प्रतिनिधि(पोक्सी) | ८ | २७२,७८१ |
| | **जम्मा संस्थापक** | **२०** | **८,०१,३६२** |
| सर्वसाधरण | स्वयं उपस्थित | ६ | २,२४६ |
| | प्रतिनिधि(पोक्सी) | १५ | २,३२५ |
| | **जम्मा सर्वसाधरण** | **२१** | **४,५७१** |
| **जम्मा उपस्थिति सँख्या/कित्ता** | | **४१** | **८,०५,९३३** |
| **साधारण सभामा शेयर स्वमित्व उपस्थिति प्रतिशत** | | | **५४.४९%** |

## ५. सभाको बैधानिकता र अध्यक्षता

५.१ कम्पनी ऐन २०६३ तथा संस्थाको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम संस्थाको १२ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको स्वयम उपस्थित भई हाजिर पुस्तिकामा हाजिर जनाउने शेयरधनीहरुको संख्या १८ जना रहेको छ भने स्वयं उपस्थित र प्रतिनिधि (प्रोक्सी) मार्फत कुल शेयरको ५४.४९ प्रतिशत शेयर यस सभामा उपस्थित भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानुन अनुसार सभा बैधानिक भएको कम्पनी सचिवले जानकारी गराउनु भयो ।

५.२ संस्थाको विनियमावलीमा ब्यवस्था भए बमोजिम संस्थाको १२औं वार्षिक साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री बाबुराम बिश्वकर्माले गर्ने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

५.३ संस्थाका सञ्चालक श्री रेवन्त बहादुर विश्वकर्मा ज्यूले उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई स्वागत अभिवादन गर्नुभयो ।

## ६. छलफलका विषयहरु :-

**क) सामान्य प्रस्तावहरु :-**

१. सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत गरिने आर्थिक बर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. २०७९ असाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व.२०७८/०७९ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाव, इक्वीटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण सहितको लेखा परिक्षण प्रतिवेदन तथा सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक बर्ष २०७९/०८० को लेखापरीक्षण कार्यका लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षक नियुक्त गर्ने तथा पारिश्रमिक समेत निर्धारण गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिको प्रस्ताव बमोजिम कर प्रयोजनको लागि आ.व. २०७८/०७९ को मुनाफाबाट शेयर धनीहरुलाई २०७९ आषाढ मसान्तमा कायम रहेको संस्थाको चुक्ता पूँजी रु.१४,७९,०६,०००।- (अक्षरेपी रु.चौध करोड उनासी लाख छ हजार मात्र) को ०.७८९५ प्रतिशतले हुन आउने रकम रु ११,६७,६७९।- (अक्षरेपी .रु.एघार लाख सड्सठ्ठी

हजार छ सय उनासी मात्र) नगद लाभांश (बोनश शेयरमा लाग्ने कर प्रोजनार्थ) स्वीकृत गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरु :-**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.१४,७९,०६,०००।- (अक्षरेपी रु.चौध करोड उनासी लाख छ हजार मात्र) को १५ प्रतिशतले हुन आउने रकम रु.२,२१,८५,९००।- (अक्षरेपी रु.दुई करोड एककाइस लाख पचासी हजार नौ सय मात्र) बरावरको बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

२. संस्थाको अधिकृत पूँजी रु.२५,००,००,०००।- (अक्षरेपी पच्चिस करोड) बाट बृद्धि गरी रु.५०,००,००,०००।- (अक्षरुपी पचास करोड) पुऱ्याउने सम्बन्धमा ।

३. बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको वर्तमान जारी तथा चुक्ता पूँजीमा बृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पूँजीमा बृद्धि गरि वित्तीय संस्थाको प्रवन्धपत्रमा आवश्यक संशोधन गर्न स्वीकृती प्रदान गर्ने सम्वन्धमा ।

४. संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन (थप/घट) गरी पारित गर्ने सम्बन्धमा (तिन महले बमोजिम) ।

५. संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधनमा नियमनकारी निकायहरुबाट थपघट, परिवर्तन वा फेरवदल गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम थपघट, परिवर्तन वा फेरवदल गर्नका लागि सञ्चालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

६. संस्थाले एक वा एक भन्दा बढि उपयुक्त लघुवित्त बित्तीय संस्थाहरु गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) गर्ने प्रयोजनका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने र सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरुको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता/ मूल्याङ्कनकर्ता नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने र अन्य लघुवित्त बित्तीय संस्थाहरुका शाखा कार्यालयहरु खरीद तथा प्राप्ती गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

७. संस्थाको कार्यक्षेत्र १९ जिल्लाबाट विस्तार गरि राष्ट्रिय स्तरमा स्तरोन्नती गर्ने सम्बन्धमा ।

**ग. विविध**

## ७. संस्थाको १२औं वार्षिक साधारण सभाको प्रतिवेदन प्रस्तुत:

७.१ संस्थाको १२औं वार्षिक साधारण सभामा पूर्व निर्धारित छलफलको विषयसुची अनुसार आ.व. २०७८/०७९ को सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूं द्वारा प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

७.२ तत्पश्चात् अध्यक्षले सभा समक्ष आर्थिक वर्ष २०७८/०७९ को सञ्चालन मुनाफा ५ करोड ९३ लाख ८७ हजार ५ सय ६६ रुपैया र ७ पैसा मध्ये नियमअनुसार ५९ लाख ३८ हजार ७ सय ५६ रुपैया र ६१ पैसा कर्मचारी बोनस व्यवस्था गरि १ करोड ५३ लाख ४३ हजार ६ सय ७ रुपैया र २८ पैसा आयकरको लागि छुट्याई सो पश्चात स्थगन कर आम्दानी ५ लाख २२ हजार ५२ रुपैया र २१ पैसा सहित बाँडफाँडको लागि प्राप्त खुद नाफा ३ करोड ८६ लाख २७ हजार २ सय ५४ रुपैया र ३९ पैसा र गत वर्ष सम्मको जगेडा तथा कोषहरु संन्चित रकम ८ करोड ७५ लाख ६६ हजार ५ सय ६३ रुपैया र १७ पैसा आ.व. २०७८/०७९ को आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. १४,७९,०६,०००।- (अक्षरुपी चौध करोड उनान्असी लाख छ हजार) को १५ प्रतिशतले हुने रकम रु.२,२१,८५,९००।- (अक्षेरुपी दुई करोड एक्काइस लाख पचासी हजार नौ सय मात्र) बरावरको बोनस शेयर तथा उक्त चुक्ता पूँजीको ०.७८९५ प्रतिशतले हुन आउने रकम रु ११,६७,६७९।- (अक्षरुपी रु.एघार लाख सड्सठ्ठी हजार छ सय उनासी मात्र) नगद लाभांश (कर प्रयोजनका लागि मात्र) गरि जम्मा १५।७८९५ प्रतिशतले हुने कुल लाभांश रकम रु.२,२१,८५,९००।- (अक्षरुपी रु. दुई करोड एक्काइस लाख पचासी हजार नौ सय मात्र) वितरण गर्न प्रस्ताव गरिएको छ । लेखा परीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धीत अनुसुचिहरु समेत छलफलको लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## ८. सभाको निर्णय :

### (क) सामान्य प्रस्ताव तर्फ :

१. **निर्धारित विषयसूची (क) १. अनुरुप "सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक बर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा" ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल भई प्रस्तुत प्रतिवेदन सर्वसम्मतीले पारित गरियो ।

२. **निर्धारित विषयसूची (क) २. अनुरुप "२०७९ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व.२०७८/०७९ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान वाँडफाँड हिसाव, इक्वीटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण सहितको लेखा परिक्षण प्रतिवेदन तथा सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने सम्बन्धमा" ।**

२०७९ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व.२०७८/०७९ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान वाँडफाँड हिसाव, इक्वीटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण सहितको लेखा परिक्षण प्रतिवेदन तथा सम्बन्धित अनुसूचीहरु माथि

छलफल गरी पारित गरियोस भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतीले पारित गरियो ।

३. **निर्धारित विषयसूची (क) ३. अनुरुप "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण कार्यका लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षक नियुक्त गर्ने तथा पारिश्रमिक समेत निर्धारण गर्ने सम्बन्धमा" ।**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक बर्ष २०७९/०८० को लेखापरीक्षण कार्यका लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षक नियुक्त गर्ने तथा पारिश्रमिक समेत निर्धारण गरियोस भनी अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक एन.वि.एस.एम एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौंलाई सर्वसम्मतीबाट लेखापरिक्षकमा नियुक्ति गर्ने निर्णय गरियो । निजको पारिश्रमिकको सम्बन्धमा बैधानिक लेखा परीक्षण, कर लेखा परीक्षण, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन, लङ्गफर्म अडिट रिपोर्ट, वित्तीय संस्थाद्वारा सञ्चालित परियोजनाको लेखा परीक्षण र निक्षेप तथा कर्जा सुरक्षण कोषको फाइल प्रमाणिकरणको लागि रु २,००,०००।- (अक्षरुपी दुई लाख मात्र) भ्याट बाहेक र भ्रमण खर्च बास्तविक बिल बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

४. **निर्धारित विषयसूची (क) ४. अनुरुप "सञ्चालक समितिको प्रस्ताव बमोजिम कर प्रयोजनको लागि आ.व. २०७८/०७९ को मुनाफाबाट शेयर धनीहरुलाई २०७९ आषाढ मसान्तमा कायम रहेको संस्थाको चुक्ता पूँजी रु.१४,७९,०६,०००।- (अक्षरुपी चौध करोड उनासी लाख छ हजार मात्र) को ०।७८९५ प्रतिशतले हुन आउने रकम रु.११,६७,६७९।- ( अक्षरुपी एघार लाख सड्सठ्ठी हजार छ सय उनासी मात्र) नगद लाभांश स्वीकृत गर्ने सम्बन्धमा" ।**

सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७८/०७९ को मुनाफाबाट शेयर धनीहरुलाई २०७९ आषाढ मसान्तमा कायम रहेको संस्थाको चुक्ता पूँजी रु. १४,७९,०६,०००।- (अक्षरुपी चौध करोड उनासी लाख छ हजार मात्र) को ०।७८९५ प्रतिशतले हुन आउने रकम रु. ११,६७,६७९।- (अक्षरुपी एघार लाख सड्सठ्ठी हजार छ सय उनासी मात्र) नगद लाभांश (कर प्रयोजनका लागि मात्र) स्वीकृत गर्ने प्रस्ताव अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सोहि बमोजिम बितरण गर्न सभावाट सर्वसम्मतीले स्वीकृत गरियो ।

ख. विशेष प्रस्तावः-

१. **निर्धारित विषयसूची (ख) १ अनुरुप "सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.१४,७९,०६,०००।- (अक्षरुपी चौध करोड उनासी लाख छ हजार मात्र) को १५ प्रतिशतले हुन आउने रकम रु.२,२१,८५,९००।- (अक्षेरुपी दुई करोड एक्काइस लाख पचासी हजार नौ सय मात्र) बरावरको बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा"।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.१४,७९,०६,०००।- (अक्षरुपी चौध करोड उनासी लाख छ हजार मात्र) को १५ प्रतिशतले हुन आउने रकम रु.२,२१,८५,९००।- (अक्षेरुपी दुई करोड एक्काइस लाख पचासी हजार नौ सय मात्र) बरावरको बोनस शेयर जारी गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतीले स्वीकृत गरियो।

२) **निर्धारित विषयसूची (ख) २. अनुरुप "संस्थाको अधिकृत पूँजी रु २५,००,००,०००।- (अक्षरुपी पच्चिस करोड) बाट बृद्धि गरी रु ५०,००,००,०००।- (अक्षरुपी पचास करोड) पुऱ्याउने सम्बन्धमा"।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको अधिकृत पूँजी रु २५,००,००,०००।- (अक्षरुपी पच्चिस करोड) बाट बृद्धि गरी रु ५०,००,००,०००।- (अक्षरुपी पचास करोड) पुऱ्याउने प्रस्ताव अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा हालको पुँजीको आवश्यकतालाई दृष्टिगत गरी अधिकृत पुँजी रु ५०,००,००,०००।- (अक्षरुपी पचास करोड) पुऱ्याउने सभाबाट सर्वसम्मतीले निर्णय गरियो।

३) **निर्धारित विषयसूची (ख) ३. अनुरुप "बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको वर्तमान जारी तथा चुक्ता पूँजीमा बृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पूँजीमा बृद्धि गरि वित्तीय संस्थाको प्रवन्धपत्रमा आवश्यक संशोधन गर्न स्वीकृती प्रदान गर्ने सम्वन्धमा"।**

संस्थाको बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको वर्तमान जारी तथा चुक्ता पूँजीमा बृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पूँजीमा बृद्धि गरि वित्तीय संस्थाको प्रवन्धपत्रमा आवश्यक संशोधन गर्न स्वीकृती प्रदान गर्ने सम्बन्धमा अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सोहि बमोजिम संस्थाको प्रवन्धपत्रमा आवश्यक संशोधन गर्न सभाबाट सर्वसम्मतीले पारित गरियो।

४) **निर्धारित विषयसूची (ख) ४ अनुरुप "संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन (थप/घट) गरी पारित गर्ने सम्बन्धमा (तीन महले बमोजिम)" ।**

संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन (थप/घट) गर्ने सम्बन्धमा अध्यक्षज्यूले पेश गर्नु भएको संस्थाको नियमावलीमा भएको संस्थापक हुनका लागि लिनु पर्ने न्यूनतम् ३००० (तीन हजार) कित्ता शेयरलाई न्यूनतम् १००० (एक हजार) कित्ता कायम गर्ने गरी तीन महले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

५) **निर्धारित विषयसूची (ख) ५ अनुरुप "संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधनमा नियमनकारी निकायहरुबाट थपघट, परिवर्तन वा फेरवदल गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम थपघट, परिवर्तन वा फेरवदल गर्नका लागि सञ्चालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा" ।**

संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधनमा नियमनकारी निकायहरुबाट थपघट, परिवर्तन वा फेरवदल गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम थपघट, परिवर्तन वा फेरवदल गर्नका लागि सञ्चालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सो सम्बन्धमा प्रचलित कानुनको अधिनमा रहि प्रबन्धपत्र तथा नियमावलीमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समितीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

६) **निर्धारित विषयसूची (ख) ६ अनुरुप "संस्थाले एक वा एक भन्दा बढि उपयुक्त लघुवित्त बित्तीय संस्थाहरु गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) गर्ने प्रयोजनका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने र सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरुको मूल्याङ्कन (Due Diligence Audit) गर्ने परामर्शदाता/मूल्याङ्कनकर्ता नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने र अन्य लघुवित्त बित्तीय संस्थाहरुका शाखा कार्यालयहरु खरीद तथा प्राप्ती गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा" ।**

संस्थाले एक वा एक भन्दा बढि उपयुक्त लघुवित्त बित्तीय संस्थाहरु गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) गर्ने प्रयोजनका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने र सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरुको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता/मूल्याङ्कनकर्ता नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने र अन्य लघुवित्त बित्तीय संस्थाहरुका शाखा कार्यालयहरु खरीद तथा प्राप्ती गर्ने लगायतका आवश्यक

सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

७) **निर्धारित विषयसूची (ख) ७. अनुरुप "संस्थाको कार्यक्षेत्र १९ जिल्लाबाट विस्तार गरि राष्ट्रिय स्तरमा स्तरोन्नती गर्ने सम्बन्धमा" ।**

नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड बमोजिम राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हुनको लागि यस वित्तीय संस्थाको आवश्यक चुक्ता पुँजी कायम रहेकाले संस्थाको कार्यक्षेत्र १९ जिल्लाबाट विस्तार गरि राष्ट्रिय स्तरमा स्तरोन्नती गर्ने सर्वसम्मतीले निर्णय गरियो ।

ग. **विविध**

१. **वित्तीय संस्थाको केन्द्रीय कार्यालय रहने ठेगाना सम्बन्धमा ।**

यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं. १० मा रहने छ ।

२. **१२ औं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सम्बन्धमा ।**

१२ औं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सम्बन्धमा संस्थाका अध्यक्ष श्री बावुराम विश्वकर्मा, संस्थापक शेयरधनीको तर्फबाट श्री माधव प्रसाद नेपाल, सर्वसाधारण शेयरधनीको तर्फबाट श्री टोप बहादुर सुनार र कम्पनी सचिव श्री सूर्य प्रसाद उपाध्यायलाई प्रतिनिधि नियुक्त गर्ने निर्णय गरियो ।

## ९. साधारण सभामा सहभागी शेयरधनी महानुभावहरुबाट उठेका जिज्ञासा एवं प्रत्यूत्तरः

साधारण सभामा छलफलका क्रममा देहायका शेयरधनी महानुभावहरुले यस संस्थाको काम कारबाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदनबाट उठेका विभिन्न विषयहरुको सम्बन्धमा छलफल गर्नु भई आ-आफ्नो राय तथा जिज्ञासाहरु व्यक्त गर्नु भयो ।

(क) यज्ञ विक्रम शाही: लेखा परिक्षकको पारिश्रमिक अन्तर्गत भ्रमण खर्चको सीमा के रहन्छ ।

(ख) डा. मेग बहादुर विश्वकर्मा: वित्तीय संस्थाको अधिकृत पुँजी बृद्धि गर्न के कस्तो रणनीति तय गरिएको छ ।

शेयरधनी महानुभावहरुको जिज्ञासा, प्रश्न, समालोचना, मन्तव्य तथा सुझावहरु र अध्यक्ष ज्यूले दिनु भएको प्रत्यूत्तरको मुख्य-मुख्य अंशहरु ।

(क) लेखा परिक्षकले लेखा परिक्षण गर्ने सन्दर्भमा भ्रमण अवधिमा लागेको वास्तविक बिल बमोजिमको खर्च दावी गर्न सक्नेछन् र स्थानीयस्तरको सार्वजानिक भाडादर अनुसारको यातायात खर्च र सामान्य होटलहरुमा आवासको व्यवस्था गरिनेछ ।

(ख) वित्तीय संस्थाको पुँजी बृद्धिका लागि संस्थाको पञ्च वर्षीय रणनीतिक योजनामा समावेश गरिनेछ ।

**१०. धन्यवाद ज्ञापन :**

१२ औं वार्षिक साधारण सभाका प्रस्तावहरु उपर छलफल गरि सर्वसमितिले पारित गरेपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुवाट छलफलमा सकिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा १२ औं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न् आफ्नो अमूल्य समय दिई उपस्थिति हुनु भएकोमा सम्पूर्ण सञ्चालक ज्यूहरु, संस्थापक ज्यूहरु, सर्वसाधारण शेयरधनी महानुभावहरु, कर्मचारीहरु तथा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**११. सभा बिर्सजन :**

तत्पश्चात् अध्यक्षज्यूले १२ औं वार्षिक साधारण सभाको निमन्त्रणा स्वीकार गरी पाल्नुहुने सम्पूर्ण उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि पुन धन्यवाद ज्ञापन गर्दै सभा सफलतापूर्वक सम्पन्न भएको घोषणा सहित दिउसो ३:०० बजे सभा बिर्सजन गर्नुभयो ।

**नोट : सभामा उपस्थिति नामावली यसै साथ संलग्न गरिएको छ ।**

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, बटवल उप-महानगरपालिका-१२, रुपन्देही ।

## १२ औं वार्षिक साधारण सभा

मिति : २०७९/१२/२६ गते - आइतवार (तदनुसार ९ अप्रिल २०२३)

| S.No | Bar | SHARE KITTA | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | 1 (No of Kitta) | 2 (No of Kitta) | 3 (No of Kitta) | 4 (No of Kitta) | 5 (No of Kitta) | Total (No of Kitta) |
| 1 | 卌 | ४४,३६९ | ४५,६३६ | २९,७५७ | ४५,८२८ | ४४,३६९ | २३६,३०३ |
| 2 | 卌 | ४४,३६९ | ६२,३६८ | ३४ | १२३ | ८८७ | १०७,६९३ |
| 3 | 卌 | १,०३६ | ४४,३६९ | ३४,८२३ | १८,७७७ | १२६ | ५५,१३६ |
| 4 | ||| | ३४,२८७ | ५३,२६९ | ३७ | — | — | ८७,५५५ |
| 5 | | — | — | — | — | — | — |
| Sub Total | | | | | | | ५३०,८२७ |

| S.No | Bar | SHARE KITTA | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | 1 (No of Kitta) | 2 (No of Kitta) | 3 (No of Kitta) | 4 (No of Kitta) | 5 (No of Kitta) | Total (No of Kitta) |
| 1 | 卌 | १४८ | १४८ | १४७ | १४८ | १४८ | ७३९ |
| 2 | 卌 | ४० | १४८ | १४८ | २९६ | १४५ | ७७७ |
| 3 | 卌 | ४३ | १३ | १६१ | २५६ | २५६ | ८०९ |
| 4 | 卌 | १०,४५८ | ४५,०६६ | ४५,०६६ | १०,०८४ | ४४,३६९ | १५५,०४५ |
| 5 | ||| | १६,०५० | ४५,०६६ | ५३,५६४ | — | — | ११६,६३६ |
| Sub Total | | | | | | | ~~८,०५,६३३~~ २६५,१०६ |

| | |
|---|---|
| Attandance Total Kitta | ८,०५,६३३ |
| Attatandance Total Number | ४१ |
| Attadance % | २४.४६% |

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, बटवल उप-महानगरपालिका-१२, रुपन्देही ।

## १२ औं वार्षिक साधारण सभाको उपस्थिती पुस्तिका

जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९/१२/२६ गते आइतवार का दिन १२ औं वार्षिक साधारण सभामा स्वयम् उपस्थित हुने शेयरधनीहरुको विवरण निम्नानुसार रहेको छ :-

| क.स. | शेयरधनी नं./ DMAT Number | शेयरधनीको नाम/थर | शेयर संख्या | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | १३०१३६००००५०४०६८ | बाबुराम विश्वकर्मा | ४४३६१ | [signature] | |
| २ | १३०१३६०००१९३४११२ | माधव प्रसाद नेपाल | ४५५३६ | [signature] | |
| ३ | ~~१३०१३५००००१५५१३७~~ | ~~बिनोद खत्री~~ | ~~१५०५६~~ | — | |
| ४ | १३०१०६००००१८३९४५ | मान बहादुर विश्वकर्मा | २१८६६ | [signature] | |
| ५ | १३०१०८००००२०२६८१ | डा० मान बहादुर विडे | ४५८५८ | [signature] | |
| ६ | १३०१३६००००५९०९६५ | डा० मेग बहादुर विश्वकर्मा | ४४३६१ | [signature] | |
| ७ | १३०१९१००००४४२०५६ | रेवन्त बहादुर विश्वकर्मा | ४४३६१ | [signature] | |
| ८ | १३०१६३०००००६४६०५ | मन बहादुर वि.क. | ६२२६८ | [signature] | |

| क्र.स. | शेयरधनी नं./ DMAT Number | शेयरधनीको नाम/थर | शेयर संख्या | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| ९ | १३०१६३०००००२४८५८ | गीता [illegible] | ३४ | [signature] | |
| १० | १३०११०००००२२४६३८ | शेर बहादुर सुनार | १२३ | [signature] | |
| ११ | १३०१०५००००००३५१७ | ओकर्ण बहादुर खड्का क्षेत्री | ८८७ | [signature] | |
| १२ | १३०१०५०००००१५४११ | नरेन्द्र कडेल | १०३६ | [signature] | |
| १३ | १३०१०६००००८३६५५९ | शंकर प्रसाद पौडेल | ४४३६१ | [signature] | |
| १४ | १३०१२०००००६७८३४ | यज्ञ विक्रम शाही | ३४८२३ | [signature] | |
| १५ | १३०१०६०००१०४६३६० | शेर बहादुर सुनार | १८,७७७ | [signature] | |
| १६ | १३०११०००००११६६६८ | माधव प्रसाद पाण्डे | १२९ | [signature] | |
| १७ | १३०१३६०००१२४२८८७ | प्रेम कुमार पराल | ३४२८७ | [signature] | |
| १८ | १३०११००००८५१४३६ | सीताराम रसाइली | ४३२६१ | [signature] | |
| १९ | १३०१११००००११११०१ | सरिता अधिकारी | ३६ | [signature] | |
| २० | — | — | — | — | |

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

**केन्द्रीय कार्यालय, बटवल उप-महानगरपालिका-१२, रुपन्देही ।**

## १२ औं वार्षिक साधारण सभाको प्रतिनिधि नियुक्ती (प्रोक्सी) मार्फत उपस्थिती रहेको विवरण :-

जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९/१२/२६ गते आइतवार का दिन १२ औं वार्षिक साधारण सभामा सभा शुरु हुनुभन्दा ४८ घण्टा अगाबै शेयरधनीहरुबाट प्राप्त प्रोक्सी (प्रतिनिधि नियुक्ती) हरुको विवरण निम्नानुसार रहेको छ :-

| | प्रोक्सी दिने शेयरधनीको विवरण | | | | | प्रोक्सी पाउने शेयरधनीको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | शेयरधनी नं./ DMAT Number | शेयरधनीको नाम/थर | शेयर संख्या | प्रोक्सी आएको मिति | प्रोक्सी आएको समय | शेयरधनी नं./ DMAT Number | शेयरधनीको नाम/थर | हस्ताक्षर |
| १ | ~~अम्बला चौधरी~~ १२३ | अम्बला चौधरी | १४८ | २०७९/१२/२४ | ९:३० | १३०१९०००००५२ ५३५८ | टोप बहादुर सुनार | [signature] |
| २ | १०६ | बिमला बराली | १४८ | २०७९/१२/२४ | ९:०० | १३०१९०००००५२८६ ५८ | टोप बहादुर सुनार | [signature] |
| ३. | १३०१२२०००४६२२०३ | लक्ष्मी गिरी | १४६ | २०७९/१२/२४ | १२:३० | १३०१९०००००५२८६ ५८ | टोप बहादुर सुनार | [signature] |
| ४ | १२४ | दयाराम यादव | १४८ | २०७९/१२/२२ | ९:४० | १३०१९०००००५२८६ ५८ | टोप बहादुर सुनार | [signature] |
| ५ | १२५ | कृष्ण प्रसाद अधिकारी | १४८ | २०७९/१२/२२ | ९:५० | १३०१९०००००५२८६ ५८ | टोप बहादुर सुनार | [signature] |
| ६ | ४३१४ | शेर बहादुर विश्वकर्मा | ४० | २०७९/१२/२२ | ९:२० | १३०१९०००००५२८६ ५८ | टोप बहादुर सुनार | [signature] |
| ७ | १४४ | प्रकृति शर्मा | १४८ | २०७९/१२/२३ | १०:०० | १३०१९०००००५२८६ ५८ | टोप बहादुर सुनार | [signature] |

| क्र. स. | शेयरधनी नं./ DMAT Number | शेयरधनीको नाम/थर | शेयर संख्या | मिति | समय | शेयरधनी नं./ DMAT Number | शेयरधनीको नाम/थर | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| ८ | १२२ | हरि देवी जि.छ. | १४८ | २०६३/१२/२४ | ११:०० | १३०११००००५४४६ ५८ | टोप बहादुर सुनार | |
| ९ | १३०११२०००१४०४०२६ | तिलका ज्योपाने | २५६ | २०६३/१२/२४ | ११:३० | १३०११००००५५४ ६५८ | टोप बहादुर सुनार | |
| १० | १३०११२०००१११४०३३ | भगवती पौडेल लामिछाने | १४५ | २०६३/१२/२४ | ८:१५ | १३०११००००५५४ ६५८ | टोप बहादुर सुनार | |
| ११ | १३०१३५०००१२१६६० | गंगा नेपाली | ४३ | २०६३/१२/२४ | ८:४५ | १३०११००००५५४ ६५८ | टोप बहादुर सुनार | |
| १२ | १३०१०८००००६६४०३१ | उमा कुमारी भण्डारी | १३ | २०६३/१२/२४ | ९:०० | १३०११००००५५४ ६५८ | टोप बहादुर सुनार | |
| १३ | बसन्त १३०१३१०००२००१६५ | बसन्ती बराल | १६१ | २०६३/१२/२४ | ९:३० | १३०११००००५५४ ६५८ | टोप बहादुर सुनार | |
| १४ | १३०१३६०००६३६४६०५ | मनिषा तिमील्सेना | २५६ | २०६३/१२/२४ | ९:४५ | १३०११००००५५ ४६५८ | टोप बहादुर सुनार | |
| १५ | १३०१३५००००१२२०४१ | लक्ष्मी राणाभाट | २५६ | २०६३/१२/२४ | १०:०० | १३०११००००५५ ४६५८ | टोप बहादुर सुनार | |
| १६ | १३०११५००००११९१२५ | हरि बहादुर सुनार | १०४२५ | २०६३/१२/२३ | १०:०० | १३०१३६००००२०४०६८ | बाबुराम विश्वकर्मा | |
| १७ | १३०१३८००००१०४६५८ | हरि प्रसाद धाफ्ले | ४२०६६ | २०६३/१२/२३ | १०:०० | १३०१३६००००२०४०६८ | बाबुराम विश्वकर्मा | |
| १८ | १३०१२६०००००३२२६१ | सुमित्रा देवी कुँवर | ४२०६६ | २०६३/१२/२३ | १०:०० | १३०१३६००००२०४०६८ | बाबुराम विश्वकर्मा | |

१२ औ वार्षिक साधारण सभामा प्रोक्सी मार्फत उपस्थित रहेको शेयरधनीको विवरण

| क्र. सं. | शेयरधनी नं./ DMAT Number | शेयरधनीको नाम/थर | शेयर संख्या | मिति | समय | शेयरधनी नं./ DMAT Number | शेयरधनीको नाम/थर | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १९ | ८४८१ | शान्ता कुमारी रसाली | १००८४ | २०६८।१२।२६ | १०:०० | १३०१३६००००८०४०५८ | बाबुराम विश्वकर्मा | [illegible] |
| २० | १४ | रूपा खिडापती | ४४३६१ | २०६८।१२।२६ | ११:०० | १३०११०००००८२२०२३ | रेवन्त बहादुर विश्वकर्मा | [illegible] |
| २१ | १३०१३५००००१५५१३० | विनोद खाती | १५०६६ | २०६८।१२।२६ | ११:०० | १३०१०५००१०४७६३६० | टोप बहादुर कुमार | [illegible] |
| २२ | १३०१२९०००००६८१०३ | नर बहादुर विश्वकर्मा | ४२०६६ | २०६८।१२।२६ | ११:०० | १३०१३६००००८५०५६ | डी. मेन बहादुर विश्वकर्मा | [illegible] |
| २३ | १३०१३६००००५६८५६८ | भोगलाल विश्वकर्मा | ५३६६४ | २०६८।१२।२६ | ११:०० | १३०१०६००००८१३८ ४५ | मान बहादुर विश्वकर्मा | [illegible] |
| २४ | — | — | — | — | — | — | — | — |
| २५ | — | — | — | — | — | — | — | — |
| २६ | — | — | — | — | — | — | — | — |
| २७ | — | — | — | — | — | — | — | — |
| २८ | — | — | — | — | — | — | — | — |
| २९ | — | — | — | — | — | — | — | — |

१२ औ वार्षिक साधारण सभामा प्रोक्सी मार्फत उपस्थित रहेको शेयरधनीको विवरण